पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☎:{ 067 – 411101
067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

प.सः ०८०/८१
च.नं :

## स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि सम्वन्धी सूचना ।

सूचना नं. ०१/०८०/८१ सूचना प्रकाशन मितिः-२०८०।०९।२३

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था वमोजिम तपसिलका उल्लेखित सर्तहरु पुरा भएका पैयूँ गाउँपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेव साइट www.paiyunmun.gov.np मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराम उल्लेखित विवरण खुलाई चार प्रति तयार गरी सम्वन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८०।०९।२९ गते भित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ।म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्धिको प्रकृयामा सामेल नगराईने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

१.स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमाः

क.अधिकृत स्तर छैठौं, आठौं, र दशौं तह(प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायक पाँचौं, अधिकृत स्तर सातौं र अधिकृत स्तर नवौ तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्ने ।

ख.अधिकृत स्तर छैठौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाचौं, अधिकृत स्तर सातौं र नवौं तहको पदमा पाँच वर्षको कार्य सम्पादन मुल्याङकनमा कम्तिमा पन्चानव्वे औषत अंक प्राप्त गरेको हुनुपर्ने।

ग.स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाब्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने।

२.स्थानीय सेवा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः

क.स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा ३ बमोजिम(स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली,२०५५) वमोजिमको सेवा,शर्त र अवधि पूरा गरेको हुनुपर्ने।

ख.स्वास्थ्य सेवा ऐन,२०५३ एवं नियमावली,२०५५ वमोजिम स्तरवृद्धिको लागि आवस्यक पर्ने कागजात संगल्न हुनुपर्ने।

ग.स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ९(क) वमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्ने।

घ.स्वास्थ्य सेवा नियमावली,२०५५ को अनुसूची ११ वमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । (साथै अति दुर्गम वा दुर्गम भौगोलिक



Scanned with CamScanner

पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☏: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

प.सः ०८०/८१

च.नं :

क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु, कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र र हाजिरको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

ङ.साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्रको प्रतिलिपि।

च.स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

३.स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउन खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुः

क.आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए वमोजिमका विवरण स्पष्ट खुलाउनु पर्नेछ ।

ख.सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग.तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि ।

घ.कर्मचरी समायोजन ऐन,२०७५ वमोजिम पैयूँ गाउँपालिकामा समायोज भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रतिलिपि ।

ङ.अध्यावधिक कर्मचारीको विवरण(PIS)।

.............

अनिल कमल न्यौपाने

नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner